# अधिकार र स्रोतसाधनहरू

*UW–Madison* मा यौन उत्पीडन वा यौन हिंसा अनुभव गरेका कर्मचारीहरूका लागि

यो जानकारी यौन उत्पीडन, यौनजन्य आक्रमण, डेटिङ/घरेलु हिंसा, पछ्याउने वा यौन शोषण अनुभव गरेका *कर्मचारीहरूको* आवश्यकतामा केन्द्रित छ ।
विद्यार्थीहरूका लागि उपलब्ध स्रोतसाधनहरूको लागि, विद्यार्थी क्याम्पस स्रोतसाधन गाइड *(Campus Resource Guide)* हेर्नुहोला ।

नीतिको पूर्ण जानकारीको लागि, यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति हेर्नुहोला ।

*UNIVERSITY OF WISCONSIN–MADISON*

# विषय सूची

**परिभाषाहरू .......... 2**
यौन उत्पीडन .......... 2
यौनजन्य आक्रमण .......... 3
पछयाउने .......... 3
डेटिङ र घरेलु हिंसा .......... 3
यौन शोषण .......... 3
बदला .......... 3
**व्यवस्थापन र सुरक्षात्मक उपायहरू .......... 4**
व्यवस्थापन अनुरोध गर्ने .......... 4
सुरक्षात्मक उपायहरू .......... 4
**रिपोर्ट गर्ने र प्रतिक्रियाका विकल्पहरू .......... 6**
विश्वविद्यालयमा रिपोर्ट गर्ने .......... 6
कानुन कार्यान्वयनलाई रिपोर्ट गर्ने .......... 7
रिपोर्ट गर्ने बारे अन्य उपयोगी जानकारी .......... 7
**गोपनीय स्रोतसाधनहरू .......... 9**
गोपनीय क्याम्पस स्रोतसाधनहरू .......... 9
गोपनीय सामुदायिक स्रोतसाधनहरू .......... 11
**अन्य स्रोतसाधनहरू .......... 14**
मानसिक स्वास्थ्य स्रोतसाधनहरू .......... 14
अध्यागमन स्रोतसाधनहरू .......... 14
कानुनी स्रोतसाधनहरू .......... 15
**गोपनीयता .......... 17**
**पीडितको अधिकार .......... 19**

# परिभाषाहरू

तल निषेधित आचरणको सारांश विवरणहरू छन्। प्रत्येक नीति शब्दावलीको परिभाषाहरूको लागि, कृपया [यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति] हेर्नुहोला।

## यौन उत्पीडन

अनिच्छित यौनजन्य आशय, यौनजन्य क्रियाकलापको प्रस्ताव, यौन टिप्पणी वा अन्य यौन आचरण जसले तपाईंको शैक्षिक वा कार्य वातावरणलाई नकारात्मक रूपमा असर गर्दछ। यौन उत्पीडन भएको छ कि छैन निर्धारण गर्दा विभिन्न कारकहरूलाई विचार गर्न सकिन्छ जसमा, संलग्न पक्षहरू बीचको शक्ति वा हैसियतमा भिन्नता र अन्तरक्रियाको सन्दर्भ (जस्तै, सामाजिक संरचना वा कार्यस्थल) समावेश छन्। यौन उत्पीडन दुई फरक रूपमा हुन सक्छन्।

### *Quid Pro Quo*

"यो बापत त्यो *(This for That)*" तब हुन्छ जब प्रमुख शैक्षिक वा रोजगारीका निर्णयहरू, अनिच्छित यौनजन्य आशय वा आचरण प्रति कोही झुकेको वा अस्वीकार गरेको आधारमा बनाईन्छ।

उदाहरणहरूमा समावेश छन्:

- रोजगारी, पदोन्नति, पैसा बढुवा वा ग्रेड दिएको बापत कुनै सुपरभाईजरलाई यौन सेवा आवश्यक हुने
- एक सल्लाहकारले स्नातकोत्तर तहका विद्यार्थीको *(graduate student)* लागि सिफारिस पत्र लेख्न अस्वीकार गर्ने किनभने सो विद्यार्थीले यौनजन्य आशयहरू अस्वीकार गरेका थिए
- कुनै एक म्यानेजर वा प्रोफेसरले काम वा शैक्षिक कार्यहरू बदल्ने किनभने कसैले डेटिङ वा रोमान्टिक सम्बन्धको अनुरोध अस्वीकार गरेका थिए

### झगडालु वातावरण

यौन उत्पीडन तब हुन्छ जब अनिच्छित यौन आचरणले कसैको कार्यस्थल वा शैक्षिक वातावरणमा पर्याप्त गम्भीर वा व्यापक रूपमा हस्तक्षेप गर्दछ।

उदाहरणहरूमा समावेश छन्:

- कुनै व्यक्तिलाई उनीहरूको रूपको बारेमा लगभग दिनहुँ उनीहरूको सहकर्मीहरूले अनिच्छित यौन टिप्पणीहरू दिन्छन्, जसले सो व्यक्तिलाई यति असहज र ध्यान दिन गाह्रो बनाउँदछ कि सो व्यक्तिले आफ्नो काम समयमा पूरा नै गर्न सक्दैनन्।
- कुनै एक प्रोफेसरले बारम्बार आफ्नो विद्यार्थीलाई कार्यालय समयको बेलामा आफ्नो व्यक्तिगत यौन सम्बन्धको बारेमा बताउँछन् र यसले विद्यार्थीलाई यति असहज बनाउँदछ कि सो विद्यार्थी अब कार्यालय समय वा प्रोफेसरको कक्षामा उपस्थित हुँदैनन्।

## यौनजन्य आक्रमण

सहमति बिनाको यौन सम्पर्क जसमा सुमसुम्याउने (शरीरका यौन अङ्गहरू छुने) र बलात्कार (शरीरको कुनै अङ्गमा घुसाउने) समावेश छन्। याद गर्नुहोस्, यदि कुनै व्यक्ति रक्सी वा लागु पदार्थको कारण लठ्ठ भएमा यौन क्रियाकलापका लागि सहमति दिन असक्षम हुन्छन्।

> सहमति भनेको शब्दहरू वा स्पष्ट कार्यहरू हो जसले खुला रूपमा, सूचित सहमति दिन सक्षम कुनै व्यक्ति, यौन सम्पर्कमा स्वतन्त्र रूपमा सहमत भएको देखाउँदछ।

## पछ्याउने

कुनै एक व्यक्ति प्रति निर्देशित व्यवहारको ढाँचा जसले पर्याप्त भावनात्मक तनाव वा शारीरिक सुरक्षाको डर निम्त्याउँछ। यसमा निगरानी गर्ने, फोन वा ईमेल मार्फत सम्पर्क गर्न खोज्ने, अनिच्छित उपहार वा सामानहरू पठाउने वा पीडितको घर, कार्यस्थल वा कक्षामा आउने कुराहरू समावेश हुन सक्छन्।

## डेटिङ र घरेलु हिंसा

पीडितसँगको डेटिङ, यौनिक वा रोमान्टिक सम्बन्धमा रहेको कुनै व्यक्तिले गर्ने हिंसा वा हिंसाको धम्की।

## यौन शोषण

अर्को व्यक्तिको सहमति बिनाको यौन फाइदा उठाउने प्रयास गर्ने, फाइदा उठाउने वा फाइदा उठाउने धम्की दिने जसमा कसैको अनुमति बिना नाङ्गा फोटोहरू खिच्ने वा वितरण गर्ने कुरा समावेश छन्।

## बदला

विश्वविद्यालय नीति, साथै राज्य र संघीय कानुनले यौन उत्पीडन वा यौन हिंसाको उजुरी दिएका वा उजुरीको अनुसन्धानमा सहभागी कुनै व्यक्ति विरुद्धको बदला निषेध गर्दछ।

# व्यवस्थापन र सुराक्षात्मक उपायहरू

## व्यवस्थापन अनुरोध गर्ने

तपाईंलाई काममा ध्यान दिन गाह्रो वा केही ठाउँहरूमा असुरक्षित महसुस भइरहेको र तपाईंलाई आफ्नो वातावरण बदल्न इच्छा लागेको हुन सक्छ। अनुरोध गर्नुभएमा र उचित रूपमा उपलब्ध भएमा *UW–Madison* ले शैक्षिक, बसोबास, यातायात, काम गर्ने अवस्थाहरू वा सुरक्षात्मक उपायहरूको व्यवस्थापन गर्न हरेक प्रयास गर्नेछ। यी व्यवस्थापनहरू पाउन पीडितहरूले कानुन कार्यान्वयनमा रिपोर्ट गर्न वा विश्वविद्यालयको औपचारिक अनुसन्धानमा भाग लिन आवश्यक छैन।

### यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम

*(Sexual Misconduct Resource and Response Program)*
500 Lincoln Dr., 361 Bascom Hall
Madison, WI 53706
TitleIX_Coordinator@wisc.edu
www.compliance.wisc.edu

### मानव संसाधन कार्यालय

*(Office of Human Resources)*
21 N. Park St., Suite 5101
Madison, WI 53715
608-890-3788
608-265-2257
wr@ohr.wisc.edu
www.ohr.wisc.edu

## सुरक्षात्मक उपायहरू

तपाईंको सुरक्षा कायम राख्न सहयोग गर्न विश्वविद्यालयसँग विभिन्न स्रोतसाधनहरू छन्। कुनै औपचारिक अनुसन्धान भए या नभएपनि यी सुविधाहरू तपाईंका लागि उपलब्ध हुनेछन्। माथि सूचीबद्ध व्यवस्थापनहरूको साथसाथै, तपाईंले सम्पर्कलाई प्रतिबन्ध गर्ने यी विधिहरू विचार गर्न सक्नुहुन्छ:

### *UW–Madison* ले जारी गर्ने सम्पर्कमा नरहने निर्देशन *(No Contact Directive)*

*University of Wisconsin–Madison* ले सुरक्षित, सम्मानजनक र जिम्मेवार शैक्षिक र कार्य वातावरणलाई समर्थन गर्न, या त सक्रिय उपायको रूपमा वा थप घटनाहरूको प्रतिक्रिया र रोकथामको रूपमा प्रयोग गर्ने एउटा उपकरण सम्पर्कमा नरहने निर्देशन *(No Contact Directive)* हो।

सम्पर्कमा नरहने निर्देशन भनेको विश्वविद्यालयले जारी गरेको निर्देशन हो जसले प्राप्तकर्तालाई निर्देशनमा नाम राखिएको व्यक्ति वा व्यक्तिहरूसँग सम्पर्क राख्नबाट रोक्दछ। सम्पर्कमा नरहने निर्देशन अदालतले जारी गरेको प्रतिबन्ध आदेश/नागरिक अदालत निषेधाज्ञा *(Restraining Order/Civil Injunction)* भन्दा फरक छ र क्याम्पस अनुसन्धान/अनुशासनात्मक प्रक्रियाहरू भन्दा छुट्टै जारी गर्न सकिन्छ। जब विश्वविद्यालयको कुनै आधिकारिक कर्मचारीले कुनै एक व्यक्तिलाई अर्को व्यक्ति वा व्यक्तिहरूसँग सम्पर्क गर्न निषेध गर्नुपर्छ भनेर निर्धारण गर्दछन् भने सम्पर्कमा नरहने निर्देशन जारी गरिन्छ। *UW–Madison* ले जारी गरेको कुनै सम्पर्कमा नरहने निर्देशन उल्लङ्घन गर्नेलाई अनुशासनात्मक कारबाहीदेखि कामबाट निकालिनेसम्म समावेश हुन्छ।

## अदालतले जारी गरेको नागरिक प्रतिबन्ध आदेशहरू *(Civil Restraining Orders)*

प्रतिबन्ध आदेश भनेको तपाईंलाई दुर्व्यवहार गर्ने वा तपाईंमाथि उत्पीडन गर्ने व्यक्तिको परिभाषित सम्भावित आचरणलाई सीमित गर्नको लागि, उनीहरूलाई दुर्व्यवहार वा सम्पर्क नगर्न आदेश दिने एउटा अदालतको आदेश हो। प्रतिबन्ध आदेश न्यायाधीशले जारी गर्दछन् र पुलिसले लागू गर्दछन्; *UW–Madison* सँग सम्बद्ध नभएका व्यक्तिहरूलाई प्रतिबन्ध आदेश जारी गर्न सकिन्छ। अदालतले आदेश दिएको प्रतिबन्ध आदेश कसरी दर्ता गर्ने भन्ने बारे निर्देशनहरूको लागि कृपया डेन काउन्टीको वेबसाईट हेर्नुहोला वा घरेलु दुर्व्यवहार हस्तक्षेप सेवालाई *(DAIS)* (608-251-4445) सम्पर्क गर्नुहोला। साथै, *ROSA Restraining Order Clinic (608-263-9574)* ले *Dane, Jefferson, Rock* र *Sauk* काउन्टीहरूमा आत्मीय साथी हिंसाबाट पीडित/बाँचेका व्यक्तिहरूलाई नि:शुल्क, प्रत्यक्ष कानुनी सेवाहरू प्रदान गर्दछ।

*UW–Madison* र *UWPD* ले अदालतले जारी गरेको सम्पर्कमा नरहने र प्रतिबन्ध आदेशहरू लागू गर्नेछ। यदि तपाईं एक कर्मचारी हुनुहुन्छ र अदालतले तपाईंको लागि प्रतिबन्ध आदेश जारी गरेको छ भने, कृपया *UWPD* लाई खबर गर्नुहोला।

*सम्पर्कमा नरहने निर्देशन *(No Contact Directive)* अनुरोध गर्ने विद्यार्थीहरूको लागि विशेष जानकारी वार्षिक सुरक्षा रिपोर्ट *(Annual Security Report)* वा यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमको *(Sexual Misconduct Resource and Response Program)* वेबसाईटमा फेला पार्न सकिन्छ।

# रिपोर्ट गर्ने र प्रतिक्रियाका विकल्पहरू

विश्वविद्यालयमा ल्याइएका चिन्ताहरूलाई औपचारिक अनुसन्धान र वैकल्पिक समाधानहरू सहित विभिन्न तरिकाले सँभाल्न सकिन्छ। जब विश्वविद्यालयमा रिपोर्ट गरिन्छ, त्यो गोपनीय हुँदैन।

## विश्वविद्यालयमा रिपोर्ट गर्ने

### वैकल्पिक समाधानहरू

वैकल्पिक समाधानमा विश्वविद्यालय अधिकारीले प्रतिवादीसँग (दुराचारको आरोप लागेको व्यक्ति) उनीहरूको आचरण र उचित क्याम्पस नीतिको समीक्षा गर्ने कुरा समावेश हुन सक्छ। यस बैठकको उद्देश्य समस्याग्रस्त आचरणलाई निरन्तरता दिनबाट रोक्नु हुनेछ। यस प्रकारको समाधान उत्पीडन, पछयाउने वा अन्य चलिरहेको अनिच्छित सम्पर्क अनुभव गरिरहेका व्यक्तिहरूका लागि उपयुक्त हुन सक्छ, तर अन्य प्रकारका दुराचारको लागि उपयुक्त नहुन सक्छ। यस परिदृश्यमा आरोपित आचरणको बारेमा कुनै तथ्यात्मक निष्कर्षहरू निकालिने छैन। यस प्रकारको प्रतिक्रियाले पीडित पहिचान बिना रहने अनुमति दिन्छ।

#### यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम

*(Sexual Misconduct Resource and Response Program)*
500 Lincoln Dr., 361 Bascom Hall
Madison, WI 53706
TitleIX_Coordinator@wisc.edu
www.compliance.wisc.edu

#### कार्यबल सम्बन्धको कार्यालय, मानव संसाधन कार्यालय *(Office of Workforce Relations, Office of Human Resources)*

21 N. Part St., Suite 5101
Madison, WI 53715
www.ohr.wisc.edu
wr@ohr.wisc.edu

### औपचारिक अनुसन्धान

यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति उल्लङ्घनको आरोप लागेको छ भने औपचारिक अनुसन्धान उपलब्ध छ। विश्वविद्यालयले कर्मचारी दुराचारको अनुसन्धान गर्नको लागि, आरोपित दुराचार क्याम्पसमा भएको हुनुपर्दछ वा प्रतिवादी कर्मचारी विश्वविद्यालय प्रायोजित वा समर्थित गतिविधिहरूमा संलग्न भएको बेला हुनुपर्दछ।

औपचारिक अनुसन्धान तथ्यात्मक निष्कर्षहरू र प्रतिवादीले क्याम्पस नीति उल्लङ्घन गरेको हो कि होइन भन्ने निर्णयको साथ अन्त्य हुन्छ, जसको नतिजा प्रतिबन्धहरू हुन सक्छ। प्रतिवादी *UW* कर्मचारी वा अतिथि भएको अवस्थाको बारेमा थप जानकारीको लागि, यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति भाग *IV* पढ्नुहोला। यस प्रक्रियाका सबै चरणहरूमा तपाईंसँग समर्थन व्यक्ति वा सल्लाहकारको (जो तपाईंको आफ्नै खर्चमा खर्चमा ल्याउनुभएको वकिल हुन सक्छन्) अधिकार छ।

यस नीतिको आरोपित उल्लङ्घन सम्बन्धी अनुसन्धानहरू लागू विश्वविद्यालय अनुसन्धान वा अनुशासनात्मक

प्रक्रियाहरू प्रयोग गरी सञ्चालन गरिनेछ। प्रयोग गरिने अनुशासनात्मक प्रक्रियाहरू विश्वविद्यालयसँगको प्रतिवादीको सम्बन्धमा आधारित हुनेछ।

## कानुन कार्यान्वयनलाई रिपोर्ट गर्ने

अपराधको आचरण कानुन कार्यान्वयनलाई पनि रिपोर्ट गर्न सकिन्छ। कुनै पनि अपराधको आचरण पुलिसलाई रिपोर्ट गर्न सकिन्छ। तपाईंले अपराध भएको ठाउँमा क्षेत्राधिकार भएको कानुन कार्यान्वयन एजेन्सीलाई रिपोर्ट गर्नुपर्दछ।
*UWPD* एक पूरा सेवा, २४ घण्टै खुला कानुन कार्यान्वयन एजेन्सी हो। अपराधी *UW–Madison* मा सम्बद्ध भए या नभएपनि *UWPD* अफिसरहरूसँग पक्रने अधिकार छ। सम्पर्क गर्नुहोस्: *UWPD* (608-264-2677) वा यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम (608-265-6018)।
अन्य स्थानीय कानुन कार्यान्वयन एजेन्सीहरूमा म्याडिसन पुलिस विभाग र डेन काउन्टी *Sheriff* को कार्यालय समावेश छ।

## रिपोर्ट गर्ने बारे अन्य उपयोगी जानकारी

### क्याम्पस र अपराध

#### क्याम्पस प्रक्रिया

- विश्वविद्यालय नीति उल्लङ्घनको सजाय दिइन्छ
- "प्रमाणको प्रबलता *(preponderance of the evidence)*" मापदण्डहरूमा आधारित जिम्मेवारी
- *UW* सँग सम्बद्ध नभएकाहरूका लागि सजाय दिने वा प्रतिबन्ध लगाउने सीमित क्षमता

#### अपराध प्रक्रिया

- पक्रने र फौजदारी अपराधको अभियोग लगाउने अधिकार छ
- "उचित शंका भन्दा बढी *(beyond a reasonable doubt)*" दोषी ठहराउने मापदण्ड
- फौजदारी कानुन उल्लङ्घन गर्ने आचरणमा मात्र कारबाही गर्न सक्षम

## प्रमाण संरक्षण

यदि तपाईं विश्वविद्यालय वा कानुन कार्यान्वयनलाई रिपोर्ट गर्ने छनौट गर्नुहुन्छ वा तपाईं भविष्यमा त्यसो गर्ने विचार गर्न सक्नुहुन्छ भने, तपाईंले अनुसन्धानसँग सान्दर्भिक हुन सक्ने प्रमाणहरू सुरक्षित राख्ने विचार गर्नुपर्छ। प्रमाणमा समावेश हुन सक्छन्:

- टेक्स्ट म्यासेज, ईमेल र अन्य लिखित कुराकानीहरू। पक्षहरू वा साक्षीहरू बीचका म्यासेजहरू उपयोगी हुन सक्छन् जसमा तपाईंले साथी वा सहयोगी व्यक्तिलाई के भयो भनेर बताउनुभएको हुन सक्छ।
- यदि तपाईंले निरन्तर वा बारम्बार दुर्व्यवहार वा उत्पीडनको अनुभव गरिरहनु भएको छ भने, क्यालेन्डर वा कापीमा मिति, समय र भएको आचरण ट्र्याक गर्नुहोला। तपाईंले पुलिसबाट "पछ्याउने पुस्तिका *(stalking booklet)*" पनि पाउन सक्नुहुन्छ वा तपाईंलाई ट्र्याक गर्न सहयोग गर्नका लागि व्यक्तिगत क्यालेन्डर चलाउन सक्नुहुन्छ। यसो गर्नाले याद गर्न पनि सहयोग पुग्न सक्छ।
- केही परिस्थितिहरूमा, आक्रमणको नजिकको अनुसन्धानसँग सम्बन्धित *(forensic)* र मेडिकल प्रमाणहरू सङ्कलन महत्त्वपूर्ण साबित हुन सक्छन्, विशेष गरी कानुन कार्यान्वयन अभियोजनहरूको सम्बन्धमा। यो एक अनुसन्धानसँग सम्बन्धित नर्स परीक्षकद्वारा सबै भन्दा राम्रो तरिकाले संगठित र दस्तावेज गरिन्छ।
- अन्य प्रकारका प्रमाणहरूको लागि समय महत्त्वपूर्ण हुन सक्छ। सकेसम्म चाँडो रिपोर्ट गर्दा प्रमाण उपलब्ध रहने सम्भावना बढ्छ।

यदि तपाईंसँग माथि उल्लेख गरिएका सबै वा कुनै पनि प्रकारका प्रमाणहरू छैनन् भने यसको मतलब यो होइन कि तपाईंले दुराचार रिपोर्ट गर्न सक्नुहुँदैन वा प्रतिवादीलाई जिम्मेवार ठहराउन सकिँदैन।

# गोपनीय स्रोतसाधनहरू

## गोपनीय क्याम्पस स्रोतसाधनहरू

### कर्मचारी सहायता कार्यालय (कर्मचारीहरूका लागि मात्र)

*University of Wisconsin–Madison* ले व्यक्तिगत वा काम-सम्बन्धित समस्या वा सरोकारहरूलाई सफलतापूर्वक सामना गर्न गाह्रो मानिरहेका कर्मचारी र उनीहरूका *नजिकका* परिवारका सदस्यहरूलाई सहयोग गर्न प्रदान गरेको स्रोतसाधन।

*Lowell Center*, कोठा 226

610 Langdon Street, Madison, WI 53703
608-263-2987 वा टोल-फ्री: 877-260-0281

http://eao.wisc.edu
eao@mailplus.wisc.edu

### *Life Matters* (कर्मचारीहरूका लागि मात्र)

*Life Matters,* कर्मचारी सहायता कार्यालयको एक सेवाले कर्मचारीहरूका लागि नि:शुल्क र गोपनीय राज्यव्यापी पहुँच र चौबिसै घण्टा, सातै दिन टेलिफोन मार्फत कर्मचारीहरूको व्यक्तिगत र काम सम्बन्धी चिन्ताहरू समर्थन गर्न व्यावसायिक परामर्शदाताहरू प्रदान गर्दछ।

२४ घण्टा टेलिफोन पहुँच: 800-634-6433

https://hr.wisc.edu/employee-assistance-office/lifematters/

### *Ombuds* (कर्मचारीहरूका लागि मात्र)

*Ombuds* कार्यालयले कर्मचारीहरूका लागि समझदारी, कुराकानी र विवाद समाधानको सुविधा प्रदान गर्दछ। यस कार्यालयले क्याम्पसमा मानिसहरूलाई गोपनीय र निष्पक्ष सहयोग प्रदान गर्दछ ताकि उनीहरूले एकअर्कासँग अझ प्रभावकारी रूपमा कुराकानी गर्न सकुन्। *Ombuds* कार्यालयका कुनै व्यक्तिले तपाईंको चिन्ता सुन्नेछन्, प्रक्रियाहरू व्याख्या गर्नेछन् र तपाईंका छनौटहरूको बारेमा कुरा गर्नेछन्। यदि तपाईंले सो व्यक्तिलाई अनुरोध गर्नुभयो भने, तपाईंले विवादहरू समाधान गर्ने प्रयासको क्रममा सो व्यक्ति मध्यस्थकर्ताको रूपमा सेवा गर्न सक्नेछन्। *Ombuds* कार्यालयले पनि तपाईंलाई गोपनीय सल्लाह दिन सक्छ।

*Lowell Hall*, कोठा 223-225

610 Langdon St, Madison, WI 53703
608-265-9992
www.ombuds.wisc.edu
uwombuds@mailplus.wisc.edu

### बलात्कार सङ्कट केन्द्र *(Rape Crisis Center)*

बाँचेका व्यक्तिहरूका लागि नि:शुल्क र गोपनीय सेवाहरू प्रदान गर्दछ।

333 E. Campus Mall, कोठा 7901

608-265-6389 (क्याम्पसको कार्यालय) वा २४ घण्टा टेलिफोन पहुँच: 608-251-7273

https://www.thercc.org/, ईमेल: info@theRCC.org

## गोपनीय सामुदायिक स्रोतसाधनहरू

### *Rise* कानुनी केन्द्र *(Rise Law Center)*

निम्न क्षेत्रहरूमा सांस्कृतिक रूपमा उचित कानुनी प्रतिनिधित्व प्रदान गर्ने एक गैर नाफामुखी कानुनी कार्यालय: पारिवारिक कानुन, अध्यागमन कानुन, नागरिक अदालत निषेधाज्ञा/प्रतिबन्ध आदेश *(Civil Injunction/Restraining Order)* र अध्यागमन आवश्यकताहरू जसमा *U*-भिसा, *T*-भिसा र *VAWA self-petitions* समावेश छन्।

1245 E. Washington Ave, #262
Madison, WI 53703
608-256-1015
http://www.riselawcenter.org/
info@riselawcenter.org

### घरेलु दुर्व्यवहार हस्तक्षेप सेवा *(DAIS)*

घरेलु हिंसा पीडित र उनीहरूका परिवारहरूको सुरक्षा र भलाई सुनिश्चित र हिंसा र शक्तिको दुरूपयोगलाई निरन्तरता दिने सामाजिक मनोवृत्तिलाई चुनौती दिने काम गर्दछ।

2102 Fordem Avenue
Madison, WI 53704
२४ घण्टा टेलिफोन पहुँच: 608-251-4445 वा टोल-फ्री: 800-747-4045
http://abuseintervention.org/

### *Deaf Unity*

यौनजन्य आक्रमण, आत्मीय साथी हिंसा र पछयाउनेको पीडितहरूलाई बहिरो *(Deaf)* र अमेरिकी साङ्केतिक भाषा (टेक्स्ट हेल्पलाईन सहित) प्रयोग गर्ने कर्मचारीहरूले पीडित पक्षको वकालत र भावनात्मक समर्थन प्रदान गर्दछ र चिकित्सा भेटघाट र अदालत उपस्थिति मितिहरूमा साथ दिन्छ।

टेक्स्ट हेल्पलाईन: 608-466-2881, सोमबार – शुक्रबार बिहान 9 बजेदेखि बेलुकी 5 बजेसम्म
https://www.deafunitywi.org/Home.html
help@deafunitywi.org

### विस्कन्सिनको *UNIDOS*

यौनजन्य आक्रमण र घरेलु हिंसाबाट ल्याटिना र गैर ल्याटिना बाँचेका व्यक्तिहरूका लागि पीडित वकालत सेवाहरू प्रदान गर्दछ।

२४ घण्टा टोल फ्री हेल्पलाईन: 1-800-510-9195
https://www.unidoswi.org/

### *Freedom, Inc.*

भाषा/लिङ्ग/पुस्ता र संस्कृति-विशेष अफ्रिकी अमेरिकी र दक्षिणपूर्वी एसियाली परिवारहरूका महिलाहरू,

लैङ्गिक गैर अनुरूपी *(gender non-conforming)* र युवा यौनजन्य आक्रमण र आत्मीय साथी हिंसाका पीडितहरूका लागि पीडित वकालत सेवाहरू।

2110 Luann Lane
Madison, WI 53713
608-716-7324
https://freedom-inc.org/
info@freedom-inc.org

### *Room to Be Safe*

यो डेटिङ, दीर्घकालीन वा आत्मीय साथी हिंसा अनुभव गरिरहेका वा अनुभव गरेका *LGBTQ* व्यक्तिहरूका लागि सहयोग र स्रोतसाधनहरू प्रदान गर्ने एक सहकार्य हिंसा विरोधी कार्यक्रम हो। *Room to be Safe* ले डेटिङ, दीर्घकालीन वा आत्मीय साथी हिंसा अनुभव गरिरहेका वा अनुभव गरेका *LGBTQ* व्यक्तिहरूको परिवारका सदस्यहरूलाई पनि सहयोग र स्रोतसाधनहरू प्रदान गर्दछ।

संसाधनको टेलिफोन पहुँच: 414-856-5428 (कल वा टेक्स्ट)

https://www.roomtobesafe.org/
ipv.diverse@gmail.com

### *Meriter* को अनुसन्धान सम्बन्धी नर्स परीक्षक कार्यक्रम *(Meriter Forensic Nurse Examiner Program)*

उनीहरूले यौनजन्य आक्रमण, घरेलु हिंसा र डेटिङ हिंसा पीडितहरूको लागि मेडिकल र अनुसन्धान सम्बन्धी जाँच प्रदान गर्दछन्। नर्सहरूले चोटपटक जाँच गर्नेछन्, प्रमाण सङ्कलन गर्नेछन् र यौनजन्य सङ्क्रमणहरू *(STIs)* वा गर्भावस्थालाई रोक्न औषधिहरूको प्रस्ताव राख्नेछन्। आक्रमण भएको 5 दिन भित्र प्रमाण सङ्कलन गर्न सकिन्छ। कानुन कार्यान्वयक *(law enforcement)* लाई रिपोर्ट गर्ने कुनै आवश्यकता छैन। थप जानकारीको लागि *Unity Point Meriter* को वेबसाईट हेर्नुहोला।

*UnityPoint Health-Meriter* अस्पताल

202 S. Park St., Madison, WI 53715
608-417-5916

### मानव सेवाको लागि मध्यपश्चिम केन्द्र, घरेलु हिंसा स्रोतसाधन केन्द्र *(Midwest Center for Human Services, Domestic Violence Resource Center)*

उपचार र सामाजिक परिवर्तनको बृहत् कार्यक्रम जसले बालबालिका र किशोरकिशोरीहरू सहित घरेलु हिंसा पीडक र पीडित दुवै पक्षलाई सेवाहरू प्रदान गर्दछ।

313 Price Place, Suite 10
Madison, WI 53705
608-231-3300
http://mchumanservices.org

info@mchumanservices.org

### *RISE राहत केन्द्र (RISE Respite Center)*

तनावको उच्च स्तर अनुभव गरिरहेका परिवारहरूलाई दिनको दिनको चौबिसै घण्टा, हप्ताको सातै दिन राहत र सङ्कटको अवस्थाको बालबच्चा हेरचाह प्रदान गर्दछ। सेवाहरू योजनाबद्ध बालबच्चा हेरचाह र आपत्कालीन र सङ्कटको अवस्थाको बालबच्चा हेरचाहको लागि उपलब्ध छन्। बालबच्चाहरू एउटा भ्रमणमा प्रायजसो ४ देखि १६ घण्टा बस्छन्।

2120 Fordem Ave
Madison, WI 53703
608-250-6634
info@RISEwisconsin.org
*RISE Respite Center* को वेबसाईट

# अन्य स्रोतसाधनहरू

## मानसिक स्वास्थ्य स्रोतसाधनहरू

### *The Rainbow Project*

*The Rainbow Project* ले आघात अनुभव गरेका साना बालबालिका र उनीहरूका परिवारहरूका लागि व्यक्तिगत र प्रतिक्रियाशील सेवाहरू र स्रोतहरू प्रदान गर्दछ।

831 East Washington Ave.
Madison, WI 53703
608-255-7356
https://www.therainbowproject.net/
info@therainbowproject.net

### कर्मचारी सहायता कार्यालय

यस गोपनीय स्रोतसाधनको विवरणको लागि पेज १० हेर्नुहोला।

## अध्यागमन स्रोतसाधनहरू

### अन्तर्राष्ट्रिय संकाय र कर्मचारी सेवाको कार्यालय (क्याम्पसमा)

मानव संसाधनको कार्यालयमा रहेको अन्तर्राष्ट्रिय संकाय र कर्मचारी सेवाको कार्यालयले *(IFSS) University of Wisconsin–Madison* लाई गैर विद्यार्थी अध्यागमनका सबै पक्षहरूमा बृहत् सहायता प्रदान गर्दछ। यस कार्यालयले विश्वविद्यालय र अध्यागमन मामिलामा संलग्न सबै सरकारी एजेन्सीहरू बीचको सम्पर्कको रूपमा काम गर्दछ र संस्था र व्यक्ति पक्षलाई अध्यागमन कानुन र नियमहरूको पालना गर्न सहयोग गर्दछ।

21 N. Park St., Suite 5101,
Madison, WI 53715
608-265-2257
https://ifss.wisc.edu/
ischolars@ohr.wisc.edu

### विदेशका अमेरिकी घरेलु हिंसा सङ्कट केन्द्र *(Americans Overseas Domestic Violence Crisis Center)*

घरेलु हिंसा र बाल दुर्व्यवहारको वकालत र समर्थन आवश्यक हुने, विदेशी देशहरूमा रहेका अमेरिकीहरूसँग काम गर्दछ र क्षेत्राधिकार, कानुनी र सामाजिक अन्तर्राष्ट्रिय परिदृश्यहरूमा चल्न गर्न स्रोतसाधनहरू र उपकरणहरू प्रदान गर्दछ।

२४ घण्टा टेलिफोन पहुँच: 1-866-879-6636

crisis@866uswomen.org

### *Rise कानुनी केन्द्र (Rise Law Center)*

निम्न क्षेत्रहरूमा सांस्कृतिक रूपमा उचित कानुनी प्रतिनिधित्व प्रदान गर्ने एक गैर नाफामुखी कानुनी कार्यालय: पारिवारिक कानुन, अध्यागमन कानुन, नागरिक अदालत निषेधाज्ञा/प्रतिबन्ध आदेश *(Civil Injunction/Restraining Order)* र अध्यागमन आवश्यकताहरू जसमा *U*-भिसा, *T*-भिसा र *VAWA self-petitions* समावेश छन् ।

1245 E. Washington Ave, #262
Madison, WI 53703
608-256-1015
http://www.riselawcenter.org/
info@riselawcenter.org

## कानुनी स्रोतसाधनहरू

### *Restraining Order and Survivor Advocacy (ROSA)* क्लिनिक

*Dane, Jefferson, Rock* र *Sauk* काउन्टीहरूमा आत्मीय साथी हिंसाबाट पीडित/बाँचेका व्यक्तिहरूलाई प्रत्यक्ष कानुनी सेवाहरू प्रदान गर्दछ । कानुनका विद्यार्थीहरूले निरोधक आदेश निवेदनहरू पूरा गरेर, निषेधाज्ञा सुनुवाइहरूमा (प्रतिबन्ध आदेश सुनुवाइहरू) प्रतिनिधित्व गरेर र अनुभवी क्लिनिकल संकायको पर्यवेक्षणमा सान्दर्भिक स्रोतसाधनहरू उपलब्ध गराएर आत्मीय साथी हिंसाका पीडितहरू/बाँचेका व्यक्तिहरूलाई सहयोग गर्दछन् । क्लिनिकले सीधै काउन्टीहरूका सामुदायिक समूहहरू र एजेन्सीहरूसँग पीडित/बाँचेका व्यक्तिहरूलाई नि:शुल्क सेवाहरू प्रदान गर्न काम गर्दछ ।

608-263-9574
https://law.wisc.edu/eji/rosa/
ROSA@law.wisc.edu


### *Rise कानुनी केन्द्र (Rise Law Center)*

निम्न क्षेत्रहरूमा सांस्कृतिक रूपमा उचित कानुनी प्रतिनिधित्व प्रदान गर्ने एक गैर नाफामुखी कानुनी कार्यालय: पारिवारिक कानुन, अध्यागमन कानुन, नागरिक अदालत निषेधाज्ञा/प्रतिबन्ध आदेश *(Civil Injunction/Restraining Order)* र अध्यागमन आवश्यकताहरू जसमा *U*-भिसा, *T*-भिसा र *VAWA self-petitions* समावेश छन् ।

1245 E. Washington Ave, #262
Madison, WI 53703
608-256-1015
http://www.riselawcenter.org/
info@riselawcenter.org

## डेन काउन्टी जिल्ला अधिवक्ताको कार्यालय, पीडित साक्षी युनिट

*(Dane County District Attorney's Office, Victim Witness Unit)*

अपराधिक मुद्दाहरूसँग काम गर्दछ जुन अभियोजनको लागि जिल्ला अधिवक्तालाई पठाइन्छ।

215 S. Hamilton St, #3000
Madison, WI 53703
608-266-9003
https://da.countyofdane.com/DA-Units/Victim-Witness-Unit
DaneVW@da.wi.gov

## *Community Justice, Inc.*

योग्य र समर्पित वकिलहरूबाट किफायती कानुनी सेवाहरू प्रदान गरेर मानिसहरूलाई न्यायमा पहुँच प्रदान गर्दछ। *CJI* कम आमदानी भएका परिवार र व्यक्तिहरूसँग अदालतमा निष्पक्ष प्रतिनिधित्व सुरक्षित गर्न, कानुनी अधिकारको रक्षा गर्नका लागि काम गर्दछ, जसले नत्र अदालती प्रक्रिया एक्लै सामना गर्नुपर्ने हुन्थ्यो। अभ्यास क्षेत्रहरूमा घरेलु हिंसा समर्थन समावेश छ।

214 N. Hamilton St., Suite 101
Madison, WI 53703
608-204-9642
https://www.communityjusticeinc.org/

## घरेलु दुर्व्यवहार हस्तक्षेप सेवा *(DAIS)*

*DAIS* कानुनी वकालत कार्यक्रमले आत्मीय साथी हिंसा वा पछयाइएका व्यक्तिहरूलाई समर्थन, जानकारी, वकालत र अदालतमा साथमा उपस्थित हुने सेवाहरू प्रदान गर्दछ। *DAIS* कानुनी सेवाहरूमा प्रतिबन्ध आदेश, पारिवारिक कानुन, फौजदारी कानुन, अध्यागमन र अन्य कानुनी मामिलाहरूमा सहायता समावेश छ।

2102 Fordem Avenue
Madison, WI 53704
24-hour line: 608-251-4445 or toll free: 800-747-4045
https://abuseintervention.org/legal-help/

## विस्कन्सिन राज्यको बार वकील रेफरल र सूचना सेवा

*(State Bar of Wisconsin Lawyer Referral and Information Service)*

यो विस्कन्सिन राज्यको बारले प्रदान गर्दछ र कानुनी आवश्यकताहरूको लागि सबैभन्दा उपयुक्त स्रोत पहिचान गर्न सहयोग गर्ने एक सार्वजनिक सेवा हो।

800-362-9082
https://www.wisbar.org/forpublic/ineedalawyer/pages/lris.aspx

## गोपनीयता

जब कुनै पीडित विद्यार्थी वा कर्मचारीले विश्वविद्यालयको कार्यालय वा अधिकारी रिपोर्ट गर्दछन्, जसलाई स्पष्ट रूपमा गोपनीयता तोकिएको छैन, *UW–Madison* ले वैध शैक्षिक चासो भएका विश्वविद्यालयका अधिकारीहरू अथवा संस्थागत प्रतिक्रिया प्रदान गर्ने उद्देश्यका लागि जानकारी पाउन आवश्यक भएका व्यक्तिहरूसँग मात्र जानकारी साझा गरेर पीडितको गोपनीयताको सुरक्षा गर्न हरेक सावधानी अपनाउँछ।

पीडितको सुरक्षा र गोपनीयताको सुरक्षा गर्ने प्रयासमा, *UW–Madison* ले यौन हिंसाको जानकारी सुरक्षित रूपमा राख्छ। यदि विश्वविद्यालयले ले घटनाको खबर पाएको छ भने, *UW–Madison* ले पहिचान गर्ने जानकारी गोपनीय राख्ने पीडितको अनुरोधलाई झगडालु वातावरण अनुसन्धान गर्नुपर्ने *Title IX* को जनादेशसँग सन्तुलनमा राख्नेछ।

कानुनले अनुमति दिएसम्म *UW–Madison* ले पीडित र आवश्यक पक्ष जानकारी गोपनीय राख्न प्रयास गर्नेछ। त्यहीपनि, एक पटक विश्वविद्यालयमा रिपोर्ट गरिएपछि वा विश्वविद्यालयले यौनजन्य आक्रमण, यौन उत्पीडन, घरेलु हिंसा, डेटिङ हिंसा वा पछ्याइएको घटनाको सूचना पाएमा, गोपनीयताको कुनै एक सूचीबद्ध स्रोतहरूलाई प्रत्यक्ष रूपमा रिपोर्ट नगरेसम्म गोपनीयताको निश्चितता हुन सक्दैन।

*UW–Madison* ले पीडितलाई प्रदान गरिएको कुनै पनि व्यवस्थापन वा सुरक्षात्मक उपायहरू गोपनीय राख्ने प्रयास गर्नेछ तर पीडित जानकारी गोपनीय राख्नाले *UW–Madison* को व्यवस्थापन वा सुरक्षात्मक उपायहरू प्रदान गर्ने क्षमतालाई सीमित गर्न सक्दछ।

गैर गोपनीय स्रोतहरूलाई रिपोर्ट गर्ने १८ वर्ष र माथिका पीडितहरूका लागि यौनजन्य आक्रमण, घरेलु हिंसा, डेटिङ हिंसा अथवा पछ्याउने रिपोर्टहरू *Title IX* व्यवस्थापक तर्फ निर्देशित गरिन्छ, जसले जानकारी पाउन आवश्यक भएका व्यक्तिहरूसँग जस्तै, उप *Title IX* व्यवस्थापकहरू, उजुरी अनुसन्धानकर्ताहरू र अन्य व्यक्तिहरू जो घटनाहरू प्रति विद्यालयको प्रतिक्रिया व्यवस्थापन गर्न जिम्मेवार छन् वा विस्कन्सिन सार्वजनिक रेकर्ड *(Wisconsin Public Records)* कानुनको, एक अदालतमा गवाही दिन उपस्थित हुने मान्य आदेशहरूको *(valid subpoena)*, कानुनी खोजको अनुरोधको *(lawful discovery request)* वा सरकारी छानविन वा अनुसन्धानको पालना गर्न आवश्यक भएमा मात्र सान्दर्भिक जानकारी साझा गर्नेछन्। *UW–Madison* ले विद्यार्थी जानकारी खुलासा गर्ने कि नगर्ने भनेर मूल्याङ्कन गर्दा उचित *Title IX* मार्गदर्शन र संघीय पारिवारिक शैक्षिक अधिकार र गोपनीयता ऐन *(Family Educational Rights and Privacy Act), 20 U.S.C. s. 1232g* का आवश्यकताहरूको पालना गर्दछ। नाबालकहरूको अवस्थामा, *UW–Madison* का कर्मचारीहरूले बाल सुरक्षा सेवा *(Child Protective Services)* वा स्थानीय कानुन कार्यान्वयकलाई बाल दुर्व्यवहारको रिपोर्ट गर्नुपर्दछ।

कानुनी ऐन, *Clery Act* को रिपोर्ट गर्ने र खुलासाका आवश्यकताका लागि पीडितको नाम वा पहिचान गर्ने जानकारी अपराध चेतावनीमा, दैनिक अपराध लगमा वा वार्षिक सुरक्षा रिपोर्टमा कहिल्यै देखिनेछैन। *UW–Madison* ले विस्कन्सिन सार्वजनिक रेकर्ड *(Wisconsin Public Records)* कानुन बमोजिम जानकारीको

अनुरोधहरूको जवाफ दिँदा पीडितको पहिचान गर्ने जानकारीलाई गोप्य *(redact)* राख्नेछ। विश्वविद्यालयले अनुसन्धानका पात्रहरूको पहिचान गर्न सक्ने जानकारी पनि खुलासा गर्दैन यदि *NIH* द्वारा जारी गोपनीयताको प्रमाणपत्र, *HIPAA* नियमावलीहरू र स्वास्थ्य जानकारीको गोपनीयता सम्बन्धी राज्यका कानुनद्वारा वा संघीय आवश्यक सहमति फारम र प्राधिकरण फारम अनुसार अनुसन्धानका पात्रहरूलाई दिईएको गोपनीयताको वाचाहरूले निषेध गरेका छन् भने। *UW–Madison* ले अन्य लागू कानुनद्वारा निषेध नगरिएका, अदालतमा गवाही दिन उपस्थित हुने मान्य आदेशहरूको *(valid subpoena)* जवाफ दिनै पर्छ र सो आदेशहरूको जवाफ दिँदा जानकारी गोप्य राख्न *UW–Madison* असक्षम हुन सक्छ।

## पीडितको अधिकार

- पीडितहरूसँग कानुन कार्यान्वयकलाई *(law enforcement)* रिपोर्ट गर्ने र त्यसो गर्दा *UW–Madison* क्याम्पस अधिकारीहरूबाट सहयोग पाउने अधिकार छ।
- पीडितहरूसँग कानुन कार्यान्वयकलाई रिपोर्ट गर्न अस्वीकार गर्ने अधिकार छ।
- पीडितहरूसँग *UW–Madison* मा रिपोर्ट गर्ने अधिकार छ र उजुरीहरू प्राप्त गर्न तोकिएका कार्यालयहरूमा रिपोर्ट गर्न प्रोत्साहित गरिन्छ: *University of Wisconsin–Madison* पुलिस विभाग, विद्यार्थीहरूको कार्यालयको डीन, मानव संसाधनको कार्यालय र *Title IX* व्यवस्थापक।
- पीडितहरूसँग आफ्नो इच्छा अनुसारको पीडित वकिल चयन गर्ने अधिकार छ। *UHS Violence Prevention and Survivor Services, Rape Crisis Center* र *Domestic Abuse Intervention Services (DAIS)* सबैले नि:शुल्क र गोप्य पीडितको वकालत सेवा उपलब्ध गराउँछन्। थप जानकारीको लागि यो वेबसाईट हेर्नुहोला: https://www.uhs.wisc.edu/survivor/
- पीडितहरूसँग परामर्श, मानसिक स्वास्थ्य, स्वास्थ्य, पीडितको वकालत, कानुनी सहायता, भिसा र अध्यागमन सहायता, विद्यार्थी आर्थिक सहायता र क्याम्पस र समुदायमा उपलब्ध अन्य सेवाहरूको स्रोतसाधनहरूको लिखित रूपमा सूचना पाउने अधिकार छ।
- पीडितहरूलाई विकल्पहरू र उपलब्ध सहायता, शैक्षिक, बसोबास, यातायात र काम गर्ने परिस्थिति बदल्ने वा सुरक्षात्मक उपायको बारेमा सूचना दिईनेछ, यदि पीडितले अनुरोध गरेमा र त्यस्ता व्यवस्थापनहरू उचित रूपमा उपलब्ध छन् भने, पीडितले क्याम्पस प्रहरी वा स्थानीय कानुन कार्यान्वयकलाई रिपोर्ट गर्न रोजेको भएतापनि।
- पीडितहरूसँग अभियुक्तबाट गोपनीयता अनुरोध गर्ने अधिकार छ।
- पीडितहरूसँग संस्थागत उजुरी/रिपोर्ट फाइल गरे बापत हुने बदलाबाट मुक्त हुने अधिकार छ।
- पीडितहरूसँग अमेरिकी न्याय विभाग *(U.S. Department of Justice)* वा नागरिक अधिकारका लागि अमेरिकी शिक्षा विभागको कार्यालय *(U.S. Department of Education Office for Civil Rights)* उजुरी/रिपोर्ट फाइल गर्ने अधिकार छ।

### पीडितले विस्कन्सिन कानुन कार्यान्वयन एजेन्सीलाई रिपोर्ट गर्दाका अधिकारहरू:

- विस्कन्सिनका सबै अपराध पीडितहरू जसले कानुन कार्यान्वयनलाई रिपोर्ट गर्दछन् उनीहरू *Wisconsin Statute* को *Chapter 950* मा उल्लिखित अपराध पीडित अधिकारहरूको हकदार छन्। यी अधिकारहरूमा समावेश छन्: जनधिकारी, कर्मचारी वा एजेन्सीहरूद्वारा निष्पक्षता, मर्यादा, र गोपनीयताको सम्मानको साथ व्यवहार गर्ने अधिकार; अदालतले मुद्दामा निरन्तरता दिने वा नदिने तय गर्दा पीडितको रुचिलाई विचारमा लिनुपर्ने अधिकार; अदालतमा उपस्थित हुने क्रममा कर्मचारीको तलब र सुविधाहरू घट्ने सम्भावना कम गराउन पीडितहरूको रोजगारदाताहरूले

अपराधिक न्याय प्रक्रियामा सहयोग गर्नेछन् भन्ने सुनिश्चित गर्नको लागि उपयुक्त मध्यस्थता सेवाहरू पाउने अधिकार; र फौजदारी क्षेत्राधिकारमा ल्याइएको मुद्दाका अभियोजकहरूसँग परामर्श गर्न गर्ने अवसर पाउने अधिकार।

- विस्कन्सिन राज्यका अपराध पीडितहरूलाई अपराध पीडित क्षतिपूर्तिको *(Crime Victim Compensation)* लागि आवेदन गर्ने अधिकार छ, जसले अपराधको कारणले गर्दा हुने व्यक्तिगत चोट वा मृत्यु, नकमाइएको ज्याला, लिनुपर्ने परामर्श, व्यहोर्नुपर्ने मेडिकल खर्चहरू र प्रमाणको रूपमा राखिएको सम्पत्तिको क्षतिपूर्ति सहितको क्षतिपूर्ति नगरिएको खर्चहरू तिर्न सहयोग गर्दछ।

## अनुसन्धान सम्बन्धी *(Forensic)* नर्स परीक्षक सेवा खोज्दाको अधिकारहरू:

- पीडितहरूको कानुन कार्यान्वयनलाई रिपोर्ट गर्ने निर्णयलाई ध्यानमा नराखी पीडितहरूले आफ्नो खर्च बिना यौनजन्य आक्रमणको लागि अनुसन्धान सम्बन्धी परीक्षण पूरा गर्न सक्छन्। म्याडिसनमा, यो परीक्षण *Meriter* अस्पतालमा अनुसन्धान सम्बन्धी नर्स परीक्षकबाट प्राप्त गर्न सकिन्छ; यदि तपाईंले थप मेडिकल रेखदेख खोज्नुभएको छ भने, अन्य अस्पताल शुल्कहरू लागू हुन सक्छ।
- अस्पतालमा आपत्कालीन सेवाहरू खोज्ने यौनजन्य आक्रमणका पीडितहरूसँग *Wisconsin Statute* 50.375 अनुसार अस्पतालमा आपत्कालीन गर्भनिरोधक साधन पाउने विकल्पको अधिकार छ।

## रक्सी वा लागु पदार्थहरू संलग्न हुँदाको अधिकारहरू:

- यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति अनुसार: यौन उत्पीडन वा यौन हिंसाका घटनाहरूको समयमा वा वरपर, विश्वविद्यालयले विश्वविद्यालय नीतिको उल्लङ्घनले अरूको स्वास्थ्य र सुरक्षा गम्भीर जोखिममा परेको छ भनेर निर्धारण नगरेसम्म, विश्वविद्यालयको रक्सी वा लागु पदार्थको व्यक्तिगत प्रयोग आचरणको लागि घटनाहरूको उजुरीकर्ता र साक्षीहरूलाई सामान्यतया चेतावनीहरू जारी गर्नेछैन वा अनुशासनात्मक प्रतिबन्धहरूको अधीनमा राख्नेछैन।

## अनुशासनात्मक प्रक्रियाहरूमा अधिकार

कर्मचारीहरू: *UW–Madison* मा कर्मचारीहरूको ३ प्रमुख वर्गहरू छन् – संकाय, शैक्षिक कर्मचारी, र विश्वविद्यालय कर्मचारी। प्रत्येक वर्गको छुट्टै अनुशासनात्मक प्रक्रियाहरू छन्। प्रत्येक प्रक्रियाको विस्तृत विवरणको लागि कृपया यो वेबसाईट हेर्नुहोला https://kb.wisc.edu/ohr/policies/
विद्यार्थीहरू: *UW–Madison* ले *Chapter UWS 17* वा यौनजन्य आक्रमण, डेटिङ हिंसा, घरेलु हिंसा, र पछयाउने सम्बन्धित क्याम्पस विद्यार्थी अनुशासनात्मक प्रक्रियाहरू प्रयोग गर्दछ।
विद्यार्थी र संकायका सदस्यहरू, शैक्षिक कर्मचारीहरू र विश्वविद्यालयका कर्मचारीहरूका लागि कुनै पनि यौन

उत्पीडन वा यौन हिंसा अनुशासनात्मक प्रक्रियामा निम्न अधिकारहरू सुनिश्चित गरिनेछन्:

- अनुशासनात्मक प्रक्रियाहरू जुनले तुरुन्त, ठिक र निष्पक्ष अनुसन्धान र समाधान प्रदान गर्दछन्। अनुशासनात्मक प्रक्रियाहरूको अवधि भरी अभियुक्तलाई जस्तै पीडितहरूलाई अरूहरू साथमा उपस्थित हुन सक्ने समान अवसर जसमा कुनै पनि सम्बन्धित बैठक वा प्रक्रियाहरूमा पीडितको चयनको सल्लाहकार साथमा आउन सक्ने अवसर।
- उजुरीकर्ता* र प्रतिवादीसँग** अनुसन्धान र त्यसपछिको सुनुवामा भाग लिने समान अवसर छ।
- घरेलु हिंसा, डेटिङ हिंसा, यौनजन्य आक्रमण र पछयाउने र पीडितहरूको सुरक्षा र उत्तरदायित्वलाई बढुवा दिने र अनुसन्धान र सुनुवाइ प्रक्रिया कसरी सञ्चालन गर्ने भन्ने विषयमा वार्षिक तालिम पाउने अधिकारीहरूद्वारा आयोजित अनुशासनात्मक कारबाही।
- दुबै पक्षहरूलाई कुनै पनि अनुशासनात्मक प्रक्रियाहरूको नतिजाको लिखित रूपमा, एकै पटक सूचना दिइनेछ; *UW–Madison* का अभियुक्त र पीडितलाई अनुशासनात्मक प्रक्रियाहरूको नतिजा अपील गर्नका लागि प्रक्रियाहरू; नतिजाहरूको अन्तिम निर्णय हुने समय भन्दा पहिले सो नातिजाहरूमा हुने कुनै पनि बदलको; र जब सो नतिजाहरूको अन्तिम निर्णय हुन्छन्। कुनै पनि समयमा पीडितलाई नतिजा गोपनीय राख्न वा मुद्दाको छलफल गर्न निषेध गर्न पाईँनैछैन।
- उजुरीकर्तासँग प्रतिवादी सरह अपील गर्ने अधिकार हुनेछ।
- यौनजन्य आक्रमण, घरेलु हिंसा, डेटिङ हिंसा अथवा पछयाउनेको जिम्मेवार भेटिएका कर्मचारीहरू निम्न मध्ये एक वा बढी प्रतिक्रियाहरूको अधीनमा रहन सक्छन्: आधिकारिक निन्दा, तलब बिनाको निलम्बन, कामबाट निकालिने, कार्यपद घटाउने, जिम्मेवारीहरू हटाउने अथवा पुन: नियुक्ति।
- *UW–Madison* कर्मचारी अनुशासनात्मक प्रक्रियाहरूको लागि निम्न प्रतिबन्धहरू, यौन उत्पीडन र यौन हिंसामा *UW–Madison* को नीति अनुसार, यौनजन्य आक्रमण, घरेलु हिंसा, यौन शोषण, डेटिङ हिंसा अथवा पछयाउनेको जिम्मेवार पक्षको अन्तिम निर्धारण भएपछि लागू गर्न सकिन्छ।

*उजुरीकर्ता भनेको दुराचारको आरोप लगाउने व्यक्ति हो
**प्रतिवादी भनेको दुराचारको आरोप लागेको व्यक्ति हो

अन्तिम अपडेट जुन २०२२ सालमा गरिएको